प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं.: ०८३-५२४०६३
०८३-५२११३९
फ्याक्स : ०८३-५२११३९
इमेल: mopidskt@gmail.com

पत्र संख्याः ०७७/०७८
चलानी नम्बरः ४९८

मितिः २०७७/०९/१६

श्री पूर्वाधार विकास निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री पूर्वाधार विकास कार्यालयहरू कर्णाली प्रदेश सबै ।
श्री खानेपानी, सिँचाइ तथा उर्जा विकास कार्यालयहरू कर्णाली प्रदेश, सबै ।
श्री सडक कार्यालय, रुकुम-पश्चिम चौरजहारी/जुम्ला
श्री यातायात व्यवस्था कार्यालय, कर्णाली प्रदेश, सुर्खेत
श्री यातायात व्यवस्था सेवा कार्यालय, कर्णाली प्रदेश, जुम्ला/रुकुम-पश्चिम चौरजहारी

बिषयः- निर्देशन सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यस कार्यालयबाट नागरिकहरूलाई प्रदान गरिने सेवा चुस्त, दुरुस्त, किफायती, पारदर्शी तथा जवाफदेही बनाउन तथा यस मन्त्रालय र तपाई बीच भएको कार्यसम्पादन सम्झौता उल्लिखित अपेक्षित उपलब्धिहरु हासिल गर्न देहाय अनुसारको ११ बुँदे निर्देशनहरु दिइएको छ ।

१. यस मन्त्रालयको पत्र सं. २०७७/०७८, चलानी नं ८, मिति २०७७/०४/०२ को पत्रबाट तहाँ कार्यालयहरूमा पठाइएको आ.व. २०७७/०७८ को बजेट तथा कार्यक्रम खर्च गर्ने अख्तियारी तथा मार्गदर्शन अक्षरस पालना गर्नु हुन।
२. चालू आ. व. को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा यस मन्त्रालयका सचिव र कार्यालय प्रमुखहरू बीच कार्य सम्पादन सम्झौता भइसकेको अवस्थामा सो सम्झौतामा उल्लिखित लक्षित उपलब्धी हासिल गर्न बजेट तथा कार्यक्रम खर्च गर्ने अख्तियारी तथा मार्गदर्शनमा उल्लेख भए अनुसार खरिद कार्यहरू समय तालिका अनुसार गर्नुपर्नेमा त्यो नभइरहेको देखिएकाले सो को कार्यान्वयन यथासिघ्र गरी चालू आ.व.को बजेट तथा कार्यक्रम कार्यान्वयनमा अधिक जोड दिई उच्च प्रगति हासिल गर्न आवश्यक प्रवन्ध गर्नुहुन।
३. आर्थिक कारोबारलाई चुस्त दुरुस्त राखी आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्व कायम गर्ने कारोबार लेखाङ्कन, प्रतिवेदन गर्ने, समयमा कार्य गर्ने, आर्थिक विवरणहरू (विनियोजन, धरौटी, राजश्व, जिन्सी, सम्पत्ती दायित्व, पेश्की, बेरुजु, तथा आन्तरिक तथा अन्तिम लेखापरीक्षण) तयार गर्ने, प्रतिवेदन तयारी गर्ने, लेखा परीक्षण तथा सम्परीक्षण गराउने तथा सो को विवरण सम्बन्धित निकायमा समयमै उपलब्ध गराउनुहुन ।
४. कार्यालयहरूले परिपालना गर्नुपर्ने ऐन, नियम, निर्देशिका (आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६; आर्थिक कार्याविधि नियमावली, २०६४; कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४; तथा नियमावली, २०७६; कर्णाली प्रदेश खर्चको मापदण्ड निर्देशिका, २०७६; कर्णाली प्रदेश बहुबर्षीय ठेक्का बन्दोबस्ती सम्बन्धी निर्देशिका, २०७७; कर्णाली प्रदेश, सार्वजनिक खरिद निर्देशिका, २०७५; कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७; तथा अन्य प्रचलित कानुनहरूको अधिनमा रही खर्च गर्नुहुन ।

सचिव

प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं.: ०८३-५२४०६३
०८३-५२११३९
फ्याक्स : ०८३-५२११३९
इमेल: mopidskt@gmail.com

५. सार्वजनिक खरिद ऐन, २०६३; तथा सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रही वस्तु, सेवा, निर्माण जस्ता खरिद कार्य गर्ने, गराउने। सार्वजनिक खरिद कार्यमा प्रतिस्पर्धालाई सीमित गर्ने गरी अनावश्यक टुक्रा गरी सोझै खरिद(कोटेशनमा) गर्ने कार्य बन्द गरी खरिद कार्यलाई बढी भन्दा बढी पारदर्शी र प्रतिस्पर्धि हुने गरी मात्र खरिद प्रकृया अगाडि बढाउनु हुन।

६. नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत गरिएको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ लाई कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, सुर्खेतबाट समेत प्रदेश सरकार एवं यस अन्तरगतको सबै निकायले परिपालना गर्नुपर्ने भनी यस मन्त्रालयमा एवं अन्तरगतका निकायमा कार्यान्वयन गर्ने गराउने व्यवस्था गर्नका लागि अनुरोध भई आएकोले सो को पालना गर्नु, गराउनु हुन ।

७. आयोजनाहरूको नियमित अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था मिलाई निर्माण कार्यको तथा सेवाको तोकिएको बमोजिमको गुणस्तर कायम गर्न गुणस्तर परीक्षण लगायतका सम्पूर्ण कार्यहरु तथा पद्धतिहरु अवलम्वन गर्नुहुन ।

८. खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गर्दा जलस्रोत ऐन, २०४९; जलस्रोत नियमावली, २०५०; ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति, २०६०; खानेपानी नियमावली, २०५५ मा उल्लेख भए अनुसारको विधि र प्रकृया अपनाई जल उपभोक्ता समितिलाई जलस्रोत समितिमा दर्ता गर्ने, नवीकरण गर्ने, तोकिएको मर्मत सम्भारकोष अनुरुपको रकम उठाउने तथा जनसहभागिता जुटाउने, सम्पन्न आयोजना/स्किम सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने जस्ता कार्यहरु गर्नुहुन।

९. सिंचाइ तथा नदी नियन्त्रण आयोजना सञ्चालन गर्दा राष्ट्रिय जलस्रोत नीति, २०७७; सिँचाइ नीति, २०७०; सिंचाइ नियमावली, २०५०; जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ अनुसारका प्रावधानहरु जस्तैः उपभोक्ता संस्था गठन, दर्ता तथा नवीकरण गर्ने, तोकिएको जनसहभागिता जुटाउने, सम्पन्न आयोजना सम्बन्धित उपभोक्ता संस्थालाई हस्तान्तरण गर्ने जस्ता कार्यहरु गर्नुहुन।

१०. अत्यावश्यक कामको सिलसिलामा बाहेक कार्यालय प्रमुखहरूले जिल्ला नछोड्ने तथा जिल्ला छोड्नु परेको खण्डमा अनिवार्य रूपमा यस मन्त्रालयको स्वीकृति लिएर मात्र छोड्नुहुन।

११. सवारी साधनको दुरूपयोग रोक्ने, अत्यावश्यक सरकारी काममा मात्र सवारी साधनको प्रयोग गर्नुहुन।

२०७६।५।१३
..............................
गोपाल प्रसाद सिग्देल
सचिव